# पूर्वखोला राजपत्र

पूर्वखोला गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ६, पूर्वखोला, मितिः २०७९/०६/२५, संख्याः २७**


## भाग–२

### पूर्वखोला गाउँपालिका

### कार्यविधिको नाम : पूर्वखोला गाउँपालिकाको गर्भवति चौथो जाँच अण्डा कार्यक्रम कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/०६/०५

<u>प्रस्तावनाः</u> NDSH 2022 अनुसार नेपालको मातृ मृत्युदर प्रति लाख १५१ जना रहेको छ। मातृ मृत्यु दर घटाउनका लागी नेपाल सरकारले विभिन्न कार्यक्रमहरु गरिरहेको अवस्थामा नेपाल सरकारको सुरक्षित मातृत्व कार्यक्रमलाई थप सहयोग पुर्याउन पूर्वखोला गाउँपालिकाले समुदायमा रहेका हरेक गर्भवति समयमै स्वास्थ्य सँस्था आई गर्भजाँच गराउन, पोषण परामर्शको पहुँच वृद्धि गर्न, प्रोटोकल अनुसार ८ पटक

गर्भजाँच गराई सँस्थामा प्रसुति गराउन थप प्रोत्साहन गर्ने उद्धेश्यले नेपाल सरकारको सुरक्षित मातृत्व कार्यक्रमका सेवाहरु बाहेक यो कार्यक्रम गरी थप सेवा दिन वाञ्छनिय भएकोले पूर्वखोला गाउँपालिकाबाट यो कार्यविधि बनाई लागु गरिएको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम विस्तार र प्रारम्भ**

(१) यस कार्यविधिको नाम **"गर्भवति चौथौ जाँच अण्डा कार्यक्रम कार्यविधि, २०७९"** हुनेछ।

(२) यो कार्यविधि पूर्वखोला गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

(३) यो कार्यविधि पूर्वखोला गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति बाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्का अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "मातृ" भन्नाले गर्भवति महिला भन्ने बुझ्नु पर्दछ।

(२) "सुरक्षित मातृत्व" नेपाल सरकारले लागु गरेको कार्यक्रम भन्ने बुझ्नु पर्दछ।

(३) "समुदाय" भन्नाले पूर्वखोला गाउँपालिका क्षेत्र भित्रका समुदाय भन्ने बुझ्नु पर्दछ।

(४) "चौथो जाँच" भन्नाले नेपाल सरकारले लागु गरेको प्रोटेकल अनुसारको ८ औं पटकको गर्भजाँच भन्ने बुझ्नु पर्दछ।

(५) "कार्यपालिका" भन्नाले पूर्वखोला गाउँकार्यपालिका भन्ने बुझ्नु पर्दछ।

(६) "स्वास्थ्य सँस्था" भन्नाले पूर्वखोला गाउँपालिका क्षेत्रका तथा नेपाल अधिराज्य भरिका सरकारी स्वास्थ्य सँस्था भन्ने बुझ्नु पर्दछ।

(७) "सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतका सेवा" भन्नाले टि.डि. खोप सेवा, जुकाको औषधी, ९ महिना सम्ममा नियमित ८ पटक गर्भजाँच सेवा, नियमित आईरन चक्की सेवन, सँस्था सुत्केरी, PNC सेवा, परामर्श सेवा आदी भन्ने बुझ्नु पर्दछ।

(८) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पूर्वखोला गाउँपालिकाको प्रमुख प्रशाकिय अधिकृत भन्ने बुझ्नु पर्दछ।

(९) "लेखा शाखा" भन्नाले पूर्वखोला गाउँपालिको आर्थिक प्रशासन शाखा भन्ने बुझ्नु पर्दछ।

(१०) "स्वास्थ्य शाखा" भन्नाले पूर्वखोला गाउँपालिका स्वास्थ्य शाखा भन्ने बुझ्नु पर्दछ।

(११) "दक्ष स्वास्थ्य कर्मी" भन्नाले तालिम प्राप्त अ.न.मी. स्टाफ नर्स मिडवाईफ वा चिकित्सकले SBA तालिम लिएको स्वास्थ्यकर्मी भन्ने बुझ्नु पर्दछ।

## परिच्छेद-२

३. **सुरक्षित मातृत्व कार्यक्रम सेवाः** (१) समुदायमा रहेका हरेक महिलाहरु गर्भवति भए पश्चात नेपाल सराकारको सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतका सम्पुर्ण सेवाहरु यस पूर्वखोला गाउँपालिका भरीका स्वास्थ्य सँस्थाहरुमा उपलब्ध गराईनेछ।

## परिच्छेद-३

४. **अण्डा वितरण सेवा प्रकृयाः** (१) यस कार्यक्रम अन्तर्गत गर्भवति महिलाहरुले अण्डा पाउनको लागी देहाय अनुसारका शर्तहरु पुरा गरको हुनु पर्नेछ।

(क) कुनै पनि महिला गर्भवति भएको सुनिश्चित हुनु पर्नेछ।

(ख) गर्भवति भएको सुनिश्चित गराई महिनावारी रोकिएको १२ हप्ता भित्र गर्भवति महिलाले पूर्वखोला गाउँपालिका क्षेत्र भित्रको स्वास्थ्य सँस्थामा आई दर्ता गराएको हुनु पर्नेछ।

(ग) गर्भवति महिलाहरुले नेपाल सरकारको नियम अनुसार स्वंयम आफै स्वास्थ्य सँस्थामा गई दक्ष स्वास्थ्यकर्मीबाट देहायका प्राटोकल अनुसार गर्भजाँच सेवा लिएको हुनु पर्नेछ।

- पहिलो पटक : १२ हप्ता सम्ममा (२ महिना)
- दास्रो पटक : १६ हप्ता (४ महिनामा)
- तेस्रो पटक : २० देखी २४ हप्तामा (५ देखी ६ महिनामा)
- चौथौ पटक : २८ हप्तामा (७ महिनामा)
- पाँचौ पटक : ३२ हप्तामा (८ महिनामा)
- छैंठौ पटक : ३४ हप्तामा (८ महिनामा)
- सातौ पटक : ३६ हप्तामा (९ महिनमा)
- आठौं पटक : ३८ देखी ४० हप्तामा

(घ) गर्भावस्थामा गर्भवति भएको ३ महिना पुरा भए पश्चात जुकाको औषधी, आईरन चक्की र टि.डि. सुई लगाएको हुनु पर्दछ।

(च) दफा '४' को उपदफा '१' को खण्ड 'ख''ग''घ' को सेवाहरु लिएका गर्भवतिले आफुले दर्ता गरी सेवा लिईरहेको स्वास्थ्य सँस्था मार्फत प्रोत्साहन स्वरुप प्रति गर्भवति एक क्यारेट अण्डा उपलब्ध गराउनेछन्।

(छ) तर चौथौ गर्भजाँच बाहेक सो भन्दा अगाडीका दफा (४) को उपदफा '१' को खण्ड 'ख' 'ग' 'घ' को सेवा लिई पूर्वखोला गाउँपालिका क्षेत्रका स्वास्थ्य सँस्था मार्फत सेवा

लिन आएमा उपदफा '१' को खण्ड 'च' को सेवा नघटाई पाउनेछन्।

## परिच्छेद-४

५. **बजेट फस्योँटः** (१) स्वास्थ्य सँस्थाले रकम भुक्तानी लिनको लागी गर्भवति सेवा लिन आउँदा देखिको अभिलेख मातृ सेवा कार्यक्रमको रजिट्रमा अध्यावधिक भएको गराएको हुनु पर्नेछ।

(२) रकम भुक्तानी लिनको लागी अण्डा खरिद गरिएको पसलको पान नं. भएको विल रगर्भवतिले अण्डा बुझिलिएको अनुसुचि '१' को भरपाईमा सही गराई त्रैमासिक रुपमा तोकिएको कागजात स्वास्थ्य शाखा मार्फत रुजु गराई प्रमुख प्रशाकिय अधिकृतलाई प्रमाणीत गर्नु पर्नेछ। बढिमा प्रति क्यारेट रु.५००/- सम्म भुक्तानी दिनु पर्नेछ।

## परिच्छेद-५

६. **अन्य छुटविषय सम्बन्धीः** यस कार्यविधिमा उल्लेख नभएका वा समावेस नभएका विषयका सम्बन्धमा पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ।

७. **संसोधन तथा खारेजीः** पूर्वखोला गाउँपालिका गाउँकार्यपालिका यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ।

प्रमाणिकरण मितिः २०७९/०६/२५

आज्ञाले
**मान बहादुर सारू**
प्रमुख प्रशासकीय अधिकृत